लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

पत्र संख्या : २०८१/८२

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक सुचना प्रकाशित मिति: २०८१/०७/०५

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक वर्ष २०८१/८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकास कार्यक्रमा सहभागी हुन इच्छुक आवदेकले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र ( मिति २०८१/०८/ ०४ गते सम्म ) यस कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी वा वेबसाइट ***www.banke.vethos.gov.np*** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ

तपशिल

| क्र.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापाहरु | न्यूनतम मापदण्ड / आबेदकको किसिम | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १. | बाख्रा प्रवर्द्धन कार्यक्रम | छनौट भएका फार्म/उधमी/कृषकले कार्य योजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने-<br>१.खोर निर्माण/सुधार<br>Dipping Tank खरिद/निर्माण तथा जडान<br>२.मेशिनरी औजार<br>३.उन्नत घाँस खेती<br>४.नश्ल सुधार<br>५.औषधी /उपचार तथा खोप<br>६.जैविक सुरक्षा | फार्म/कम्पनी/ कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम संचालन गर्न सकिने।<br>१.प्रति फार्म कम्तिमा ५ माउ बाख्रा पालन गरेको हुनु पर्ने ।<br>२.समुह/सहकारीको हकमा कम्तीमा ५० माउ बाख्रा पालन गरेको हुनु पर्ने ।<br>३. पशु हरुको बिमा गर्ने अभ्यास भएका फार्म/कम्पनी/ कृषक समुह/सहकारी/संस्था लाई प्राथमिकता दिनु पर्ने । | डुडुवा गाउँ पालिका । | १.पर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत ।<br>२.अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत ।<br>३. फार्म/कम्पनी प्रति योजना अधिकतम १ लाख र समुह/सहकारी अधिक्तम् ५ लाख सम्म अनुदान दिन सकिने । |



कमला अधिकारी
मत्स्य विकास निर्देशक

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २. | भैंसी प्रवर्द्धन कार्यक्रम | छनौट भएका फार्म/उद्यमी कृषकले कार्य योजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने-<br>१.गोठ निर्माण/सुधार<br>२.मेशेनरी औजार<br>३.उन्नत घाँस खेत<br>४.नश्ल सुधार<br>५.औषधी / उपचार तथा खोप<br>६.जैविक सुरक्षा | फार्म/कम्पनी/ कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने।<br>१.प्रति फार्म कम्तिमा ३ वटा माउ भैंसी सहित ५वटा भैंसी पालन गरेको हुनु पर्ने।<br>२.समुह/सहकारीको हकमा कम्तीमा २५ माउ भैंसी पालन गरेको हुनु पर्ने ।<br>३. महिला संचित भैंसी प्रवर्द्धनको हकमा महिला समुह सहकारीले कम्तिमा १५ वटा माउ भैंसी पालेको हुनुपर्ने।<br>४. पशु हरुको बिमा गर्ने अभ्यास भएका फार्म/कम्पनी/ कृषक समुह/सहकारी/संस्था लाई प्राथमिकता दिनु पर्ने । | भैंसी प्रवर्द्धन कार्यक्रम (जानकी गा.पा.) | १.पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत ।<br>२.अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत ।<br>३.प्रति योजना अधिकतम फार्म/कम्पनीको हकमा अधिकतम २ लाख र समुह/ सहकारीको हकमा अधिक्तम् ५ लाख सम्म अनुदान दिन सकिने ।<br>४. महिला समुह/ सहकारीको हकमा अधिकतम् रु. ४ लाख अनुदान दिन सकिने । |
| ३. | बंगुर प्रवर्द्धन कार्यक | छनौट भएका फार्म/उद्यमी कृषकले कार्य योजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने-<br>१.गोठ निर्माण/सुधार<br>२.मेशेनरी औजार<br>३.पोषण युक्त घाँस सहित आहारा व्यवस्थापन<br>४.नश्ल सुधार<br>५.औषधी/उपचार तथा खोप<br>६.जैविक सुरक्षा | फार्म/कम्पनी/ कृषक समुह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने।<br>१.प्रति फार्म कम्तिमा ३ माउ सहित ५वटा बंगुर पालन गरेको हुनु पर्ने ।<br>२.समुह/सहकारीको हकमा कम्तीमा २० माउ बंगुर पालन गरेको हुनु पर्ने ।<br>३. पशु हरुको बिमा गर्ने अभ्यास भएका फार्म/कम्पनी/ कृषक समुह/सहकारी/संस्था लाई प्राथमिकता दिनु पर्ने । | (डुडुवा गाउँपालिका) | १.पूर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत ।<br>२.अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत ।<br>३.प्रति योजना अधिकतम फार्म/कम्पनीको हकमा अधिकतम १ लाख र समुह/ सहकारीको हकमा अधिक्तम् ३ लाख सम्म अनुदान दिन सकिने |
| ४. | माछा पालनका लागि नयाँ पोखरी निर्माण | कार्यालयले उपलब्ध गराएको लेआउट तथा डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नुपर्ने । | १.पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था भएको हुनुपर्ने<br>२. कम्तिमा ३ कठ्ठा भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरि नयाँ पोखरीको निर्माण गर्नुपर्ने ।<br>३.पोखरी निर्माणको लागि माटो उपयुक्त हुनुपर्ने ।<br>३.नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा ठेकामा लिएको भए सम्झौता कम्तिमा १० बर्षको हुनुपर्ने<br>४.सडक,बिजुली बत्तीको सुबिधा भएको हुनुपर्ने । | बाँकें जिल्ला | स्वीकृत बजेटको परिधि भित्र कार्य योजना तयार पारी जलाशयको क्षेत्रको कुल लागत खर्चको अधिकतम ५० प्रतिशत अनुदान रकम वा प्रति हेक्टर रु. अधिकतम ५ लाख दिन सकिने । |



कमला अधिकारी

CS CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ५.पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने । कार्यालयले दिएको मापदण्ड पुरा गर्नुपर्ने । | | |
| ५. | मत्स्य बजारीकरणको लागि होल्डिङ्ग तथा कन्डिसङ्ग ट्यांक निर्माण। | खाने माछा तथा मत्स्य बिज बिक्री बितरणका गर्नका लागि होल्डिङ्ग वा कन्डिसङ्ग ट्यांक निर्माण गर्ने । होल्डीङ्ग ट्याङ्ग कम्तिमा ३ मिटर लम्बाई १.५ मिटर चौडाई र १ मिटर गहिराई हुनु पर्ने। कन्डेसनिङ्ग ट्याङ्को हकमा कम्तिमा २.५ मिटर लम्बाई १ मिटर चौडाई र ०.८ मिटर गहिराई हुनु पर्ने। ट्याङ्मा पानी प्रवेश तथा निकासको व्यवस्था हुनु पर्ने। खाने माछा वा मत्स्य बिज बिक्री बितरणकार्य प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि ओभरहेड ट्याङ,ट्रस ,डिजिटल तराजु प्लाष्टीक ड्रम अक्सीजन प्रवाहा गर्ने सामाग्री हापा ईस्कुप नेन पानी तान्ने मोटर आदी खरिद गर्न सकीने । | १.कम्तिमा १५ कठ्ठा भन्दा बढी जलाशय क्षेत्रफलमा खाने माछा वा मत्स्य बिजको कारोबार गरेको हुनु पर्ने । २.व्यवसायिक रुपमा फार्म दर्ता गरेको हुनु पर्ने । | बाँके जिल्ला | स्वीकृत बजेटको परिधि भित्र कार्यालयले ७५ प्रतिशत वा अधिकतम १ लाख सम्म अनुदान दिन सकिने। |



कमला अधिकारी
मत्स्य विकास निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | गोट सुधार कार्यक्रम | गोटको भुई सुधार दाना/पानी खुवाउने डुड निर्माण खाल्डो र मुत्र संकलन खाल्डा निर्माण । | १.कृषक /निजि उद्यमी/समुह/सहकारी मार्फत पशुको गोट सुधार कार्यक्रम संचालन गर्ने ।<br>२. प्रत्यक कृषकले न्युनतम् ५ वटा गाई/भैंसी पाल्दन गरेको वा पालन गर्ने कार्य योजना पेश गरेको हुनु पर्ने । | राप्ती सोनारी गाउँपालिका र नरैनापुर गाउँपालिका र जानकी गाउ पालिका | १.अधिकतम ५० प्रतिशत अनुदान।<br>२.प्रति कृषक घरधुरी अधिकतम १ लाख ।<br>३. प्रति समुह/ सहकारीको हकमा अधिकतम् रु१० लाख सम्म अनुदान दिन सकिने । |



कमला अधिकारी
मत्स्य विकास निर्देशक

CamScanner